# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८०।११।२२
ने.सं. ११४४ सिल्लागा, १० मंगलबार

## स्पष्ट पारिएको ।

प्रस्तुत विषयमा यस पालिकाबाट मिति २०८०।११।१७ गते विपन्न वर्ग (श्रमिक) लाई सचेतना तथा सम्मान कार्यक्रम र नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको थियो । गरिखाने वास्तविक विपन्न श्रमिक वर्गलाई काममा प्रोत्साहन गर्न तथा मदिरा सेवन गरी आफ्नो स्वास्थ्य, परिवार र समाजलाई समेत प्रभाव पारिरहेका मजदुर वर्गलाई त्यस्तो कुलतबाट छुटाउनको लागि मदिराले पार्ने खराब असरको बारेमा समाज सेवामा लागेका बौद्धिक व्यक्ति, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीबाट प्रशिक्षणात्मक सचेतना कार्यक्रम संचालन गरिएको हो । मदिरा पिउने व्यक्तिलाई अझ थप प्रोत्साहन गर्न नभई त्यस्तो कुलतबाट छुटाउन उक्त कार्यक्रम संचालन गरिएको व्यहोरा स्पष्ट पार्न चाहन्छौं ।

प्रकाश रायमाझी
प्रवक्ता

प्रकाश रायमाझी
प्रवक्ता